## प्रजनन्को लागि भाले पशुहरु खरिद तथा वितरण सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०७७

(मन्त्रिस्तरीय निर्णयबाट मिति २०७७/०६/११ मा स्वीकृत)

कृत्रिम गर्भाधान सेवा उपलब्ध नभएका क्षेत्रका पशुहरुको नश्ल सुधार गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न गण्डकी प्रदेश सरकारको “बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७” को दफा ४० ले दिएको अधिकार प्रयोग गरी प्रजनन्को लागि भाले (साँढे, रागो, वीर, बोका, थुमा) पशुहरु खरिद तथा वितरण सम्बन्धी कार्यक्रमहरु संचालन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो मापदण्ड बनाएको छ।

### १.आवेदकको योग्यता र पेश गर्नुपर्ने कागजातहरु :

**१.१ आवेदकको योग्यता :**

क) आवेदक कृषक, समूह, समिति वा सहकारी हुनुपर्नेछ।

ख) बुदाँ नं २ (ख) अनुसारका पूर्वाधार तथा शर्तहरु पूरा गरेको हुनुपर्नेछ।

**१.२ पेश गर्नुपर्ने कागजातहरु :**

क) आवेदकको कम्तिमा २५ प्रतिशत लागत साझेदारी हुने गरी बुँदा नं ३ बमोजिमको ढाँचामा तयार गरिएको प्रस्ताव पेश गर्नुपर्नेछ।

ख) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा १६ को उपदफा (३) मा उल्लेखित कागजातहरु पेश गर्नुपर्नेछ।

### २. प्रस्ताव छनौट :

**क) मूल्याङ्कनका आधारहरु :**

| क्र.सं. | विवरण | अंक भार |
|---|---|---|
| **१** | **लागत** | **५** |
| १.१ | कूल लागतमा आवेदकको ५०% भन्दा बढी लागत साझेदारी भएको | ५ |
| १.२ | कूल लागतमा आवेदकको २५-५०% लागत साझेदारी भएको | ३ |
| **२** | **प्राविधिक उपयुक्तता** | **५** |
| २.१ | पर्याप्त र उपयुक्त जमिनमा पशुपालन गरेको, उपयुक्त हावापानी भएको, घाँसमा आधारित पशुपालन भएको (घाँसमा आधारित पशुपालन आवश्यक नभएमा मुल्याङ्कनमा नराखे) | ५ |
| २.२ | पर्याप्त र उपयुक्त जमिनमा पशुपालन नगरेको वा उपयुक्त हावापानी नभएको, वा घाँसमा आधारित पशुपालन नभएको (घाँसमा आधारित पशुपालन आवश्यक नभएमा मुल्याङ्कनमा नराखे) | ३ |
| **३** | **आवेदकको अनुभव तथा क्षमता** | **५** |

| | | |
|---|---|---|
| ३.१ | २ वर्ष वा सो भन्दा बढी | ५ |
| ३.२ | २ वर्ष भन्दा कम | ३ |
| **४** | **लाभान्वित घरधुरी (वितरित भालेबाट सेवा प्राप्त गर्ने घरधुरी)** | **१०** |
| ४.१ | १० वा १० भन्दा बढी | १० |
| ४.२ | १० भन्दा कम | ६ |
| **५** | **अघिल्ला दुई आ.व मा कुनै कार्यालयबाट अनुदान लिए/नलिएको** | **५** |
| ५.१ | नलिएको | ५ |
| ५.२ | प्रस्तावमा उल्लेखित क्रियाकलाप भन्दा फरक प्रकृतिको क्रियाकलाप गर्नको लागि लिएको | ३ |
| **जम्मा** | | **३०** |

*नोटः कार्यालयले प्रस्ताव छनौट गर्नु पूर्व स्थलगत अनुगमन गर्नुपर्नेछ। स्थलगत अनुगमन गर्दा प्राविधिक उपयुक्तता र लाभान्वित घरधुरी लगायतको प्रस्तावमा उल्लेखित विवरणहरुको तालमेल मिले नमिलेको हेरी मात्र मूल्याङ्कन गर्नुपर्नेछ।*

**ख) आवश्यक न्यूनतम पूर्वाधार तथा शर्तहरुः**

अ) व्यक्तिगत फार्मको हकमा कम्तिमा १० वटा दुधालु गाई वा भैंसी वा कम्तिमा २५ वटा माउ भेडा/बाख्रा वा कम्तिमा १० वटा प्रजनन्योग्य माउ बंगुर पालन गरिरहेको हुनुपर्नेछ।

आ) समूह, समिति र सहकारीको हकमा कम्तिमा ५० माउ गाईभैंसी वा भेडाबाख्राको हकमा २५० माउ वा बंगुरको हकमा १०० माउ पालन गरिरहेको हुनुपर्नेछ।

**३. प्रस्तावको ढाँचा**

क) आवेदकको नाम र ठेगाना :

ख) सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं :

ग) प्राप्त गर्ने भाले पालन गर्ने स्थान :

घ) संचालन गरेको व्यवसाय :

ङ) लाभान्वित घरधुरी (वितरित भालेबाट सेवा प्राप्त गर्ने घरधुरी) संख्या :

च) माग गरेको भाले पशुको विवरण :

| क्र.सं. | माग गरेको भाले पशुको विवरण | परिमाण (संख्या, गोटा आदि) | अनुमानित लागत रु | | कुल रकम | खरिद गर्न लाग्ने समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | आफूले व्यहोर्ने | माग गरिएको | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

<u>प्रस्तावकको</u>

नामः छापः

ठेगानाः

सम्पर्क व्यक्तिः दस्तखतः

मितिः

**४. संचालन गर्न सकिने क्रियाकलापको विवरण :**

क) स्वीकृत बजेटको परिधि भित्र रही लागत साझेदारीमा आवश्यक अनुपातमा हुन आउने संख्यामा उच्च नश्लको प्रजनन् योग्य भाले खरिद तथा वितरण गर्न सकिनेछ।

ख) यसरी खरिद गरिने भाले सरकारी फार्म, सरकारले तोकेका स्रोत केन्द्र तथा नियमानुसार दर्ता भएका फार्महरुबाट मात्र खरिद गर्नुपर्नेछ।

ग) यस कार्यक्रमबाट उपलब्ध हुने उच्च नश्लका भाले पालन गर्न समूह, समिति वा सहकारीले आवश्यक संख्याका कृषक छनौट गरी जिम्मा दिनुपर्नेछ ।

घ) भाले पालन गर्न कृषकले अन्य कृषकले पालन गरेका पशुहरुमा प्रजनन् गराउन दिनु पर्नेछ र यसरी प्रजनन् गराउदा लाग्ने शुल्क प्रचलित दर भन्दा सहुलियतपूर्ण हुनुपर्नेछ ।

ङ) हाडनाता प्रजनन् रोक्न प्राविधिकरुपमा उपयुक्त अवधिमा भालेहरु फेर्नुपर्नेछ ।